म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र


समृद्ध प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- २७५ २०८१ भदौ १२ गते बुधबार 28 August 2024, Wednesday - पृष्ठ ४ मूल्य रू. ५/-




# मुख्यमन्त्री लामा नेतृत्वको सरकारको एक महिना

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले सरकारको नेतृत्व लिएको एक महिना पूरा भएको छ। लामाको नेतृत्वमा नेपाली कांग्रेसले पहिलो पटक बागमती प्रदेश सरकार सञ्चालनको बागडोर सम्हालेको हो ।

यस अवधिमा मुख्यमन्त्री लामा नेतृत्वको सरकारले ३ वटा क्याविनेट बैठक सम्पन्न गरेको छ । उक्त क्याविनेटबाट मुख्यमन्त्री लामाले खासै महत्वपूर्ण निर्णय गर्न सक्नुभएको छैन। मुख्यमन्त्री लामाको एक महिना अवधि व्यवस्थापकीय भूमिकामा व्यतित भएको देखिन्छ ।

गत साउन ८ गते प्रदेश सरकारको मुख्यमन्त्रीमा नियुक्त हुनु भएका लामाले साउन ९ मा शपथग्रहण गर्नुभयो। उहाँले शपथग्रहण गरेकै दिन विना विभागीय ३ सहित ९ मन्त्रीलाई नियुक्त गरेर क्याविनेट बैठकसमेत सञ्चालन गर्नुभएको थिए । उक्त बैठकले १३ जिल्ला समन्वय समितिलाई ५ करोड ३० लाख रुपैयाँ कार्यक्रममार्फत् आर्थिक सहायता रकम उपलब्ध गराउने निर्णय गरेको थियो ।

सकसपूर्ण रुपमा मन्त्रिपरिषद्लाई साउन १२ गते १३ मन्त्रालयमा एक विना विभागीयसहित १४ मन्त्री नियुक्त गरेर पूर्णता दिनुभएका मुख्यमन्त्री लामाले साउन १३ मा मन्त्रिपरिषद् बैठक राखेर एउटामात्र निर्णय गर्नुभएको थियो । सो बैठकबाट उहाँले प्रमुख राजनीतिक सल्लाहकारमा विनोद शाहलाई नियुक्त गर्ने निर्णय गर्नुभएको थियो ।

सोपश्चात् विभिन्न कार्यक्रम र उद्घाटनमा सक्रिय रहनु भएका मुख्यमन्त्री लामा मन्त्रालय र मन्त्रिपरिषद् व्यवस्थापनमा केन्द्रित हुनुभयो । मुख्यमन्त्री लामासहित विभागीय मन्त्रीहरु निर्वाचन र जिल्ला केन्द्रित भए। कार्यक्रम र निर्वाचन क्षेत्रमा बधाई तथा धन्यवाद ज्ञापनका लागि मुख्यमन्त्री लामा र मन्त्रीहरु व्यस्त हुँदा न क्याविनेट बस्न सक्यो, न नै कुनै ठोस काम कारवाही अघि बढ्यो ।

दोस्रो क्याविनेट बसेको १८ दिनपछि मुख्यमन्त्री लामाले तेस्रो बैठक आह्वान गर्नुभयो । साउन ३२ गते बसेको उक्त क्याविनेट बैठकले पनि महत्वपूर्ण निर्णय गर्न सकेन। सो बैठकले सरकारको प्रवक्तामा प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेलाई तोक्ने, प्रदेश सरकारका निकायहरुमा रहेका अस्थायी दरबन्दी स्वीकृत गर्ने र गाईजात्राको अवसरमा प्रदेशभर सार्वजनिक विदा दिने निर्णय गरेको थियो ।

सोबाहेक मुख्यमन्त्री लामाले एक महिनाको अवधिमा महत्वपूर्ण र नागरिक लक्षित योजना तथा कार्यक्रम र निर्णय गर्न सक्नुभएको छैन। आम नागरिकहरुमा कांग्रेस नेतृत्वको सरकारबाट महत्वपूर्ण निर्णय र काम हुने अपेक्षा हुनु स्वभाविक नै हो। कांग्रेसका नेता तथा सांसदहरु नै कांग्रेस नेतृत्वको सरकारले नागरिकलाई लक्षित गरेर काम गर्ने बताउँदै आएका थिए। तर, सरकारको पहिलो महिनाको गति हेर्दा प्रगति अपेक्षाकृत हुने देखिएको छैन।

### सिस्टम बनाउन र व्यवस्थित गर्न सरकार सक्रिय छः मुख्यमन्त्री लामा

मुख्यमन्त्री लामाका अनुसार सरकारले सिस्टम निर्माण तथा व्यवस्थापनमा जोड दिने काम गरिरहेको छ। सरकारका काम तत्काल नदेखिने र क्रमिकरुपमा प्रभाव पर्ने उहाँले बताउनुभयो ।

सरकारले एक महिनामा नै के गर्‍यो गरेन लेखाजोखा गर्ने समय नभएको उहाँको भनाइ छ। सरकारले १०० दिनको उपलब्धी लक्षित गरेर काम अघि बढाएको उहाँले बताउनुभयो । सरकारको दिशा र गति निश्चित गर्न प्रयत्न भइरहेको उहाँले बताउनुभएको हो ।

'हामीले अहिले नै यो गर्‍यौं भनेर लेखाजोखा गर्ने बेला भएको छैन। विशेषगी १०० दिनको लक्ष्यमा काम गर्ने प्रक्रिया छ। त्यसमा ठोस कामहरु देखिन्छ। अहिले व्यवस्थापन र सिस्टम बनाउने काममा सक्रिय रहेका छौं।' मुख्यमन्त्री लामाले भन्नुभयो, 'म नेतृत्वमा आएपछि पहिले सरकारलाई पूर्णता दिने काम भयो। मन्त्रिपरिषद्लाई पूर्णता दिन निकै सकस भयो।'

उहाँका अनुसार कर्मचारी बढुवा, सरुवा तथा पदस्थापनलाई व्यस्थापन गर्नका लागि पनि केही कामहरु टुंग्याइएको छ। कर्मचारीहरुको समस्याले सरकारलाई जटिलता हुने भएकाले प्राथमिकताका साथ काम गरिएको उहाँले बताउनुभयो । मन्त्रिपरिषद् बैठक बसेर अत्यावश्यक र महत्वपूर्ण निर्णय भएको मुख्यमन्त्री लामाले बताउनुभयो ।

मुख्यमन्त्री लामाका अनुसार राजनीतिक सल्लाहकार, प्रवक्ता तोक्ने तथा जिल्लाको मोनिटरिङ गर्ने निकाय समन्वय समितिलाई आर्थिक सहयोग उपलब्ध गराउने र सेवा प्रवाहलाई चुस्तदुरुस्त राख्न अस्थायी दरबन्दी स्वीकृत गर्ने काम भएको छ। अस्थायी दरबन्दी स्वीकृतिबाट नागरिकहरुसँग प्रत्यक्ष सरोकार राख्ने शिक्षा, स्वास्थ्य तथा सेवा प्रवाहको लागि सहजता हुने गरी सरकारले काम गरेको उहाँले दावी गर्नुभयो ।

एक महिनाको अवधिमा सरकारको कामलाई व्यवस्थित गर्न विभागीय मन्त्री र सचिवहरुसँग करार सम्झौता गर्ने कार्य सम्पन्न गरिएको उहाँले बताउनुभयो । कार्ययोजना र निर्धारित समयमा नै काम गर्न उक्त करार महत्वपूर्ण रहनेछ भने आगामी एक महिनाभित्र बजेट कार्यक्रम कार्यान्वयनका लागि कार्यविधि निर्माण गर्न निर्देशन गरिएको उहाँले बताउनुभयो ।

मुख्यमन्त्री लामाका अनुसार सरकारको नेतृत्व लिएलगत्तै विभागीय मन्त्रालयलाई एक/एक वटा ठोस काम गर्न र सोहीअनुसार योजना तयार गर्न निर्देशन गरिएको छ। यसले प्रदेशमा एक वर्षमा १२ वटा मन्त्रालयबाट नागरिकहरुसँग जोडिएर उपलब्धीसहित काम गर्नसक्ने उहाँले बताउनुभयो ।

'सबैले सुन्ने अनि चिन्ने गरी एक/एक वटा ठोस काम गर्न १२ वटै मन्त्रालयलाई निर्देशन भइसकेको छ । विपद् व्यवस्थापनको विषयमा सरकार गम्भिरताका साथ अघि बढेको छ। विपद् प्रभावित नागरिकका लागि के-के गर्न सकिन्छ भनेर सरकार अघि बढेको छ । आवश्यकताका आधारमा विकास र व्यवस्थापनको काम प्रदेश सरकारले गरिरहेको छ । सरकारले विगतको कमीकमजोरी अध्ययन गरिसकेको र त्यसलाई सुधार गरेर अघि बढ्ने तयारीमा रहेको छ । एक महिनाको अवधिमा धेरै कामहरु सुरु भएको छ । त्यसका उपलब्धीहरु क्रमिक रुपमा देखिन्छ ।' मुख्यमन्त्री लामाले भन्नुभयो ।

विकट क्षेत्रलाई मध्यनजर गर्दै विभिन्न कार्यालयहरुको सेवाकेन्द्र कार्यालयहरु खोलेर लक्षित वर्गलाई सेवा प्रवाह गर्ने गरी अघि बढेको मुख्यमन्त्री लामाले बताउनुभयो । कानुनअनुकूल बनाएर समस्या हल गर्ने गरी सरकारले आन्तरिक योजना तथा तयारीको काम गरेर कार्यान्वयनमा अघि बढेको उहाँले बताउनुभयो । व्यवस्थापकीय भूमिकाका लागि केही समय लाग्ने भएकाले अहिले नै तुरुन्त काम नदेखिने उहाँको भनाइ छ।

नागरिकहरुले नकारात्मकमात्र नभई सकारात्मक पाटो पनि सोच्न जरुरी रहेको उहाँले बताउनुभयो । सेवा प्रवाह र विकासका काम अघि बढाउन कार्यालय र संरचनाहरु व्यवस्थित गर्न जरुरी रहेको उहाँले बताउनुभयो । सरकारले अहिले कार्यालय र संरचनाहरु व्यवस्थापनमा काम गरिरहेको उहाँको भनाइ छ । सार्वजनिक सेवा सुधार र सुशासनका लागि प्रदेश सरकारले व्यवस्थापकीय क्षेत्रमा परिवर्तन गर्नेगरी योजना बनाएर लगानी गरेको मुख्यमन्त्री लामाले बताउनुभयो ।

सरकारले गरेका व्यवस्थापनका कामहरु केही दिनमा नै क्रियाशील भएर उपलब्धी प्राप्त हुने उहाँले बताउनुभयो । सरकारले हेरक निकायको मोनिटरिङ गरेर सेवा र विकासलाई गुणस्तरीय बनाउने लक्ष्यसहित काम गरिरहेको उहाँले बताउनुभयो । उहाँले प्रदेश सरकारको १०० दिनको उपलब्धी महत्वपूर्ण हुने बताउनुभयो । राजनीतिकरुपमा केही विषयहरु पेचिलो भएकाले गठबन्धनको सरकार भएकाले सबैसँग छलफल गरेर अघि बढ्नुपर्ने बाध्यता रहेको उहाँले बताउनुभयो ।

# हेटौंडा खानेपानी बोर्डद्वारा मासिक एक करोड बढी महशुल संकलन



समाज संवाददाता

हेटौंडाः हेटौंडा खानेपानी व्यवस्थापन बोर्डले गत आर्थिक वर्षको प्रगति विवरण सार्वजनिक गरेको छ । मंगलबार बिहान हेटौंडा-२ स्थित कार्यालय परिसरमै बोर्डको वार्षिक प्रगति विवरण सहित चालु आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट पनि सार्वजनिक गरेको हो ।

बोर्डले अहिले हेटौंडा उपमहानगर पालिकाका २७ हजार सात सय २१ वटा धारामा पानी वितरण गरिरहेको छ। दैनिक तीन करोड ५७ लाख लिटर पानी उत्पादन गरेर उपभोक्तालाई वितरण गरिरहेको जनाएको छ। प्रगति विवरण प्रस्तुत गर्नुहुँदै बोर्डका निमित्त प्रमुख विष्णुप्रसाद सापकोटाले मासिक सरदर एक करोड १३ लाख रुपैयाँ मासिक महसुल संकलन हुने गरेको जानकारी दिनुभयो ।

बोर्डले ३३ वटा डीप ट्युब वेल र १६ वटा समवेलबाट पानी संकलन गरेर उपभोक्तालाई वितरण गर्दै आएको छ । पानी वितरण पर्याप्त रहेको उल्लेख गर्नुहुँदै निमित्त प्रमुख सापकोटाले यसलाई निरन्तर कायम राख्नु चुनौतिको विषय भएको उल्लेख गर्नुभएको छ । बोर्डले चालु आर्थिक वर्षका लागि २० करोड ९५ लाख रुपैयाँ अनुमानित आयको विवरण प्रस्तुत गरेको छ ।

उहाँका अनुसार, गत आर्थिक वर्षमा पानी महसुल, जरिवाना, नयाँ धारा जडान, थप पाइप तथा फिटिङ, मिटर जडान मर्मत, नामसारी, निवेदन तथा अन्य दस्तुर र बैंक व्याज गरी वार्षिक कुल लक्ष्यको तुलनामा आन्तरिक आयतर्फ १०२.७५ प्रतिशत (१५ करोड ४ लाख ३६ हजार रुपैयाँ) संकलन गरेको छ । बोर्डले गत आर्थिक वर्षमा १९ करोड १६ लाख रुपैयाँ आम्दानी गरेको छ। बोर्डले पानी महसुल, जरिवाना, नयाँ धारा जडान, थप पाइप तथा फिटिङ, मिटर जडान मर्मत, नामसारी, निवेदन तथा अन्य दस्तुर र बैंक व्याज गरी वार्षिक कुल लक्ष्यको तुलनामा आन्तरिक आयतर्फ १०२.७५ प्रतिशत (१५ करोड ४ लाख ३६ हजार रुपैयाँ) संकलन गरेको हो ।

बोर्डले बाह्य आम्दानीतर्फ हेटौंडा उपमहानगर र मकवानपुरगढी गाउँपालिकासँगको सहकार्यअन्तर्गत १ करोड ७९ लाख ९४ हजार रुपैयाँ प्राप्त गरेको छ । बोर्डले गत आर्थिक वर्षमा कार्यालय संचालनतर्फ ५ करोड ७६ लाख ३६ हजार रुपैयाँ र सेवा संचालनतर्फ ३ करोड ८७ लाख १ रुपैयाँ खर्च गरेको छ। गत आर्थिक वर्षमा हेटौंडा-८ मैदाटोलमा सशस्त्र प्रहरी बलको कम्पाउण्डभित्र समवेल, मकवानपुरगढी गाउँपालिका-४ स्थित सामरीपुल नजिकै प्रतिदिन ६० लाख लिटर पानी उत्पादन क्षमताको समवेल निर्माण, हेटौंडा-१६ हटियामा शक्तिखोला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति अन्तर्गत रहेको खानेपानीको स्रोत, पानी भण्डारण टंकीसहित ५५७ वटा धारा बोर्डमा हस्तान्तरण गरिएको छ ।

नगरक्षेत्रभित्र बसोबास गर्ने नगरवासीलाई स्वच्छ र सर्वसुलभ किसिमबाट गुणस्तरीय रुपमा एउटै शुल्कमा खानेपानी उपलब्ध गराउनु हेटौंडा खानेपानी व्यवस्थापन बोर्डको उद्देश्य रहेको अध्यक्ष प्रताप विष्टले बताउनु भयो । बोर्ड सञ्चालनमा आएदेखि हालसम्म बोर्डमा १६ वटा उपभोक्ता समिति हस्तान्तरण तथा सेवाक्षेत्र विस्तार गर्दा ११ हजार धारा संख्यामा वृद्धि भएको उहाँको भनाई छ । बोर्डले हेटौंडा उपमहानगरपालिका, बागमती प्रदेश सरकार र संघीय सरकार सँग सहकार्य गरी सेवाक्षेत्रमा सुधार गर्दै नयाँ क्षेत्रमा नयाँ आयोजनाको थालनी गरिरहेको उहाँले बताउनुभयो ।

पानी परीक्षण प्रयोगशालाको भौतिक पूर्वाधार स्तरोन्नति गर्ने, बोर्ड अन्तर्गत रहेका खानेपानीका पूर्वाधारको सुधार र विस्तारको कार्य, खानेपानीका स्रोतको सुरक्षा एवम् संरक्षण कार्य, बोर्डको सेवाक्षेत्रभित्र २ स्थानमा डिप ट्यूबवेल निर्माण, पानी पुनर्भरण (रिचार्ज) पोखरी स्थानीय तह र सामुदायिक वनसँगको सहकार्यमा निर्माण कार्य गर्ने चालु आर्थिक वर्षको योजना रहेको अध्यक्ष विष्टले बताउनुभयो ।

हाम्रो सुमो सेवाको

नयाँ प्रस्तुती...



छिट्टै सञ्चालनमा आउँदै ।

Electric Van
विद्युतीय भ्यानमा यात्रु सेवा





२०६८ सालदेखि हेटौंडामा स्थापना भएर यात्रुहरुलाई आरामदायी र भरपर्दो सुमो सेवा सञ्चालन गर्दै आएको यस कम्पनिले अब विद्युतीय सवारीसाधन (Elecric Van (EV) मा गुणस्तरी सेवा शुभारम्भ गर्न लागेको सगौरव जानकारी गराउँदछौं ।

हेटौंडा-काठमाडौं-हेटौंडा

हेटौंडा-बीरगन्ज-हेटौंडा

साथै यस कम्पनिद्वारा सञ्चालित EV, साझा बस, स्कार्पियो तथा सुमो जीप भाडामा चाहिएमा सम्पर्क गर्नुहोला ।

भेष खड्गी, सञ्चालक

हाम्रो सुवो सेवा

हेटौंडा-४, मेनरोड (बलराम दास एण्ड सन्स पेट्रोल पम्प नजिकै)

९८४५४-५७५०७, ९८५५०६८८७३

सम्पर्क
हेटौंडा ०५७-५२१४२१
९८५५०७८३७८ (हटलाइन)

ललितपुर ०१-५४०४४४४
९८५५०-७८४७८ (हटलाइन)
सानेपा (बल्खु पुल पारी पुरानो स्टार हस्पिटलसँगै)

मुख्य कार्यालय हेटौंडा
०५७-५९१०४०

Erke brand authorized showroom

D next dress up




हेटौंडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६








आरोग्य श्रेष्ठ
कक्षा-४, सोलिड्यारिटि ईन्टरनेशनल एकेडेमी, हेटौंडा-१०





सृष्टि श्रेष्ठ
युकेजी, लिटिल बडी प्रिस्कूल
हेटौंडा-४







आयुष ढुंधराज
कक्षा-१०, रेड रोज इंग्लिस बोर्डिङ स्कूल, हेटौंडा-१६






रोशिका घिसिङ
कक्षा-८, कमला आधारभूत विद्यालय, हेटौंडा-१८





रोहित सुनार
कक्षा-६, वनदेवी आधारभूत विद्यालय, हेटौंडा-१५





स्वप्निल गिरी
कक्षा-३, नवोदय शिशु सदन मावि
हेटौंडा-४







राहुल राउत
हेटौंडा क्याम्पस






समृद्धि श्रेष्ठ
कक्षा-३, ब्रह्मदिक् एकेडेमी
हेटौंडा-४






साध्या गौतम
कक्षा-४, बालज्योति मावि
हेटौंडा-५






सुयोग श्रेष्ठ
कक्षा-५, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४





यमना गौतम
कक्षा-९, जिएस निकेतन
हेटौंडा-५

# जीवनको मोल



**सरोजप्रसाद साह**

जीवनको मोल याद आउँछ
जब फाँसी नजिक हुन्छ
आँखाको मोल याद आउँछ
जब आँखा कमजोर हुन्छ
बाबाको हात याद आउँछ
जब बाबाको साथ छुट्छ



त्यो बाबाको माया बुझेनौ,
अब किन तिमी रून्छौ
त्यो जीवनलाई किन बुझेनौ
अब किन तिमी रून्छौ

साथीको मोल याद आउँछ
ज्ब साथीको साथ टुट्छ
जीवनको मोल याद आउँछ
जब फाँसी नजिक हुन्छ



तिमीले साथीको अर्थै जानेनौ,
तिमीले मायाको मोलै बुझेनौ
अब नभझार कलङ्कित आँसु
तिमीले बुझेर पनि बुझेनौ



पानीको मोल याद आउँछ
जब कोही प्यासले व्याकुल हुन्छ
साथीको मोल याद आउँछ
ज्ब साथीको साथ छुट्छ
जीवनको मोल याद आउँछ
जब फाँसी नजिक हुन्छ

# कृष्ण जन्माअष्टमी



**अमेस्का मैनाली**

जन्मन अघि नै थियो मृत्यु उनको चारैतर्फ
भुल्न सक्दैन कुनै हिन्दुले यो महान विशेष पर्व

सबैले माया गर्‍यो उनलाई माखन चोर भनी
शिशु पालको अन्त गरे त्यसको पाप गनी गनी

श्रीकृष्णले सबैलाई प्रेमको अर्थ बझाई प्रेमको देवता भए
धनुषको तिरको प्रहारले हामीलाई छोडी गए


यशोदा र नन्दबाबाले मिली श्रीकृष्णको पालन पोषण गरे
पछि गएर उनी द्वारिकाधिश पनि बने

नारायणका आठौं अवतार उनी हुन्
उनको कहिल्यै पनि बिर्सिन सक्दिन गुन

देवकी र वासुदेव थिए उनका पिता र माता
श्रीकृष्ण प्रेम सिकाउने महान दाता

*कक्षा-७, बालजागृति इंग्लिस सेकेण्डरी स्कूल, हेटौंडा-२*

# गुरू



**जेमिशा श्रेष्ठ**

गुरु हाम्रा पिता अनि गुरु हाम्रा भगवान
अघि बढ्न सिकाउँछन् ज्ञान दिन्छन् महान

गल्ती सच्याई दिनुहुन्छ माफी पनि दिनुहुन्छ
गुरुको कुरा मान्यौं भने साथी पनि बन्नुहुन्छ

गुरु हाम्रो माता अनि गुरु हाम्रा मान
गुरुले हामीलाई दिनुहुन्छ धेरैधेरै ज्ञान

गुरु हजुरले ज्ञान दिनु भयो मलाई
पढी लेखी ज्ञानी भै सेवा गर्छु देशलाई

गुरुले हामीलाई भन्नुहुन्छ पढ अघि बढ
देशका लागि सेवा गर्न सँधै अघि सर

*कक्षा-४, मकवानपुर बालविद्या सदन, हेटौंडा-१८*

# कुन खेल खेल्ने ?



**सुअंश मुक्तान**

**पुस्तक समीक्षा**

यस किताबको लेखक ध्रुव घिमिरे हुन्। लेखकको जन्म विक्रम सम्वत् २०२५ मङ्सिर १३ गते कीर्तिपुरमा भएको थियो । उहाँको पिताको नाम माधव घिमिरे हो भने माताको नाम गौरी घिमिरे हो। उहाँ हाल नेपाल बाल साहित्य समाजको अध्यक्षको रूपमा कार्यरत हुनुहुन्छ । उहाँले लेख्नुभएका कृतिहरू मनुको मने, कलेजी थाल, चाडपर्वको रमाइलो आदि हुन् । लेखक लेख्नेदेखि बाहेक पुस्तक पढ्ने र गीत गाउने गर्नुहुन्छ ।

यो किताबको आकार लामो र पातलो रहेको छ । यसको गातामा दुईजना बालबालिका पिङमा खेलिरहेका छन् । यो किताबलाई पाठ्यक्रम विकास केन्द्रले २०७४ मा प्रकाशनमा ल्याएको हो। मूल्य ६५ रुपैयाँ रहेको छ। यस कथाको मुख्य कथावस्तु खेलकुद र चाडपर्वसँग सम्बन्धित रहेको छ। यस कथामा चाडपर्वमा खेलिने विभिन्न खेलकुदहरु र तिनीहरुको रमाइला पक्षहरू समेटिएका छन् ।

**पात्र चरित्र चित्रण**: यस कथामा सुशील र सुशीला दुई पात्र रहेका छन् यस कथाको मुख्य पात्र यी दुवै जना हुन् र उनीहरुको स्वभाव दयालु र आज्ञाकारी रहेको छ र परिस्थिति अनुसार पात्रको स्वभाव बुझेर एक अर्काको समस्यामा सहयोग गर्ने खालका यी दुवै पात्र रहेका देखिन्छन् ।

**परिवेश**: यस कथाले गाउँको वातावरणलाई बुझाउन खोजेको छ गाउँको वातावरण हरियालीले भरिपूर्ण रहेको छ। हावापानी स्वच्छ र सफा रहेको छ अग्लो पहाडको फराकिलो वा सम्म भागमा पिङ हालिएको छ । त्यसै पिङको वरिपरि केटाकेटीहरू रमाइरहेको वातावरणलाई चित्रित गरिएको छ ।

**मूल भाव**: यस पुस्तकले हामीले एकजनाले मात्र खेल्न मिल्ने खेल खेल्नु हुँदैन । सबै मिलेर खेल्दा साथीभाइ बीच खेलको नियम जानिन्छ एक अर्काको पालो कुर्नु पर्छ, खेलमा समझदारी हुनुपर्छ, मिलेर खेलिएको खेलले साथीभाइ बीचको आत्मीय सम्बन्धलाई अझ गाढा बनाउँछ। त्यसैले यस कथाले हामी सबैले मिलेर खेल्नुपर्छ भन्ने सन्देश दिएको छ ।

**भाषाशैली**: यस कथाभित्र सरल भाषा र शब्दहरूको प्रयोग भएको छ । सोझो हिसाबले बुझिने खालका शब्दहरू रहेका छन् पढ्दै गर्दा सबै शब्दहरूको अर्थ पनि थाहा हुने गर्छ। र यो कथा बुन्ने शैली असाध्यै सरल रहेको छ र बालबालिकाको रुचि र क्षमता अनुसार यो कथा लेखिएको छ ।

**शीर्षक सार्थकता**: पुस्तकको शीर्षक र यसले भन्न खोजेको कथावस्तु मिलेको छ । किनभने शीर्षकले भनेको जस्तै कथामा एकजनाले मात्र एक्लैखेल नखेलेर सबै एकैचोटी खेल्नुपर्छ । यसरी सँगै खेल्दा साथीभाइ बीच सम्बन्ध राम्रो हुन्छ । भन्ने मुख्य सन्देश दिएको हुनाले यसको शीर्षक मिल्न गएको छ ।

**पाठकीय प्रतिक्रिया**: मलाई यो कथा असाध्यै राम्रो र रमाइलो लाग्यो । पढ्दा सबै भाषा र शब्दहरू सजिलै बुझ्न सकिने खालको रहेको छ । पृष्ठ सङ्ख्या थोरै भएको हुनाले कथा एकैछिनमा पढेर सकियो । र कथा अझै लामो लेखिदिएको भए हुन्थ्यो भन्ने चाहिँ लाग्यो । र खेलभित्र हुनुपर्ने नियमहरू पनि भनिदिएको भए हुन्थ्यो जस्तो लाग्यो । साथीभाइ बीच मिलेर खेल्नुपर्छ भन्ने कुरा चाहिँ मलाई यो कथाको महत्वपूर्ण सन्देश लाग्यो ।

*कक्षा-८*

# Doctor



**Prashansa Timalsina**

A Doctor is a special person who helps us when we are sick or hurt. They take care of our health by checking our bodies, giving medicine and making sure we feel better. Doctors work in hospitals and clinics and doctors are always ready to help people. They are very kind and smart and they study a lot to learn about the human body. When we visit a doctor they listen to make us healthy and happy. We should always thank doctors for their hardwork and I also want to become a doctor.

*Class: 3 (Lily)*

# सम्झना



**कृतिका हुमागाई**

सम्झना आइरहन्छ, म छटपटी रहन्छु
कल्पनाको संसारमा उसँग लुटपुटि रहन्छु।

अनि दिन आउँछ।
म उसका स्मृतिलाई कुनातिर धकेलेर
निर्जीव जीवन जिउन निस्किन्छु।

आज नै रात छर्लङ्गै पारिस, आमाले कराउँछिन्
छोरी कतै बौलाउला कि भने डराउँछिन्

तिमीले किन यस्तो गर्‍यौ प्रिय
उसको तस्विरलाई हेर्छु।

कतिबेला कल्पनामा डुब्छु, उसको कपाल कोर्छु
दिन यसै बिती जानेछ, साँझ मरी-मरी हात मुख जोड्छु।

फेरि उही कुनामा स्मृतिहरु फर्कर आउँछन्॥

*कक्षा-१०, सिद्धार्थ माध्यमिक विद्यालय, हेटौंडा-२,*









# हेटौंडा अस्पतालको कर्मचारी नियुक्ति आजसम्म टुङ्गिने

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको कर्मचारी नियुक्तिको विषय आज बुधबारसम्म टुङ्गिने भएको छ। मंगलबार बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले आफ्नो कार्यकक्षामा उक्त निर्णय माग गर्न आइपुगेका परीक्षार्थी र नेपाल तरुण दल हेटौंडा नगर समितिलाई यस्तो आश्वासन दिनुभएको हो ।

मुख्यमन्त्री लामाले छलफलमा अस्पतालको कर्मचारी नियुक्तिबारे गत आइतबार नै टुङ्ग्याउने तयारी गरे पनि बुधबारमात्र टुङ्गो लगाउने बताउनुभयो । सोमबार सार्वजनिक बिदा परेका कारण निर्णय नभएको र मंगलबार नै पूर्ण कागजपत्र हेरेर छलफल गरी बुधबार सम्म कर्मचारी नियुक्तिबारे निर्णय हुने उहाँले बताउनुभयो ।

साउन १ गतेदेखि १५ गतेसम्म हेटौंडा अस्तपालले १ सय ४३ जना करार कर्मचारीका लागि आवेदन खुला गरेको थियो । जसमा आवेदन दिएर अन्तर्वार्तासमेतबाट छनौट भएकाहरुले अझै पनि नियुक्तिपत्र प्राप्त नभएको भन्दै मुख्यमन्त्रीसँग नियुक्तिको माग गर्दै ध्यानाकर्षण गराएका हुन् ।

हेटौंडा अस्पतालले सञ्चालन गरेको अन्तर्वार्ताको छानबिन बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयले गरेको थियो । गठित छानबिन समितिले अन्तर्वार्ताको छानविनको प्रतिवेद अझै प्रदान गरेको छैन । ८ दिनपछि पनि नियुक्तिको निर्णय नआएपछि परीक्षार्थीहरुले मंगलबार मुख्यमन्त्री कार्यालय अगाडि धर्ना दिएका थिए । परीक्षार्थीहरुले अन्याय नसहने भन्दै न्यायका लागि धर्ना सञ्चालन गरेका थिए ।

कर्मचारी नियुक्तिको निर्णय नभएपछि धेरै जना परीक्षार्थी अलपत्र परेका छन् । हेटौंडा अस्पतालले भदौ ५ गतेसम्म नियुक्तिपत्र दिने भनेपछि कालिकोटकी कृष्णा बनले काठमाडौंको एक अस्पतालमा ३ गते राजीनामा दिनुभएको थियो । उहाँ भदौ ५ गतेदेखि हेटौंडामा नियुक्तिको पर्खाइमा बसिरहनु भएको छ । पहिले काम गरेको अस्पतालले दिएको इमर्जेन्सी तलब नलिई हेटौंडा आएको बनले बताउनुभएको छ ।

बनजस्तै धेरै जना परीक्षार्थीले अस्पतालले सार्वजनिक गरेको नामावलीपछि पहिले काम गरेको अस्पतालमा राजीनामा दिई आएका छन् । हेटौंडा अस्पतालले १ सय ४३ जना करार कर्मचारी नियुक्तिको लागि आवेदन खुला गरेको थियो । हेटौंडा अस्पतालमा पहिलैदेखि काम गरिरहेका करार कर्मचारीहरु पुरानो थप भएको समयसीमासम्म काम गरिरहेका छन् भने नयाँ छनोट भएका अलपत्र परेका छन् ।

मंगलबार मुख्यमन्त्री कार्यालयमा नेपाल तरुण दल हेटौंडा नगर समितिका अध्यक्ष सुदिप गिरी र नेपाल कांग्रेस हेटौंडा नगर समितिका अध्यक्ष उत्सव इटेनीले संयोजन गर्नु भएको थियो । आज बुधबार पनि कार्मचारी नियुक्तिको निर्णय नभए कार्यालयमा तालाबन्दी गर्ने इटेनीले बताउनुभयो ।

# राप्तीखोलामा डुबे मनहरीका थिङ

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिका–६ प्रतापुरस्थित राप्तीखोलामा डुबेर एक जना पुरुष बिरामी भएका छन् । ३५ वर्षीय सुवास थिङ खोलामा डुबेर बिरामी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

मंगलबार दिउँसो साढे १२ बजेको समयमा खोलामा नुहाउने क्रममा डुबेर थिङ बिरामी भएको हो । खोलामा डुबेर बिरामी भएका थिङलाई सामान्य उपचार पश्चात थप उपचारका लागि भरतपुर पठाइएको प्रहरीले जनाएको छ ।

# हाँडीखोला युथलाई चैनपुर जेसीजको सहयोग

समाज संवाददाता

हेटौंडाः जिल्ला लिग फुटबल प्रतियोगितामा सहभागिता जनाउन लागेको हाँडीखोला युथ क्लबलाई चैनपुर जेसीज मनहरीले खेलकुद सामग्री हस्तान्तरण गरेको छ । मंगलबार एक कार्यक्रमका बीच एकसेट जर्सी र फुटबल हस्तान्तरण गरेको हो ।

सरोज विष्टको संयोजकत्व एवम् जेसीजका अध्यक्ष रविन ढकालको अध्यक्षतामा भएको कार्यक्रममा मनहरी गाउँपालिका ९ नम्बर वडा अध्यक्ष राजकुमार श्रेष्ठको प्रमुख आतिथ्य रहेको थियो । वडा अध्यक्ष श्रेष्ठले जिल्ला लिगमा सहभागी हुन लागेका खेलाडीले अनुशासनलाई विशेष ध्यान दिएर उत्कृष्ट खेल प्रस्तुत गर्न अनुरोध गर्नुभयो । गाउँपालिकाकै नाम राख्ने गरी खेल्न अनुरोध गर्नुहुँदै श्रेष्ठले आवश्यक सहयोगका लागि आफू र गाउँपालिका तयार रहेको बताउनुभयो ।

चैनपुर जेसीज मनहरीका अध्यक्ष रविन ढकालले खेलाडीको हौसला बढाउन जर्सी र फुटबल सहयोग गरिएको बताउनुभयो । उहाँले लिगमा राम्रो खेल्दै गएमा आगामी दिनमा पनि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । हाँडीखोला युथ क्लबका अध्यक्ष गणेशदर्पण अधिकारीले सहयोगप्रति आभार व्यक्त गर्नुहुँदै यस्ता सहयोगले खेलाडीको हौसला बढ्ने विश्वास व्यक्त गर्नुभयो । जेसीजका महासचिव कृष्णप्रसाद ढकालले २ हजार, उपाध्यक्ष नवराज रिजालले ३ हजार, अर्का उपाध्यक्ष जयराम रिजालले ५ हजार र सदस्य बालकृष्ण बिष्टले ३ हजार रुपैयाँ क्लबलाई सहयोग गर्नुभएको छ ।

# शिक्षक बैंकको परीक्षाफल सार्वजनिक

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले शिक्षक बैंकको रोष्टर तयार पार्न लिइएको लिखित परीक्षाअन्तर्गत बालविकास सहजकर्तातर्फ विषयगत र वस्तुगत दुबै तथा प्राथमिक तह, निम्न माध्यमिक तह र माध्यमिक तहको वस्तुगत तर्फको पहिलो चरणको नतिजा प्रकाशन गरेको छ ।

उपमहानगरले सोमबार एक सूचना जारी गर्दै बालविकास सहजकर्तातर्फ २४ जना, प्राथमिक तहतर्फ ६५ जना, निम्न माध्यमिक तहतर्फ ३४ जना र माध्यमिक तहतर्फ १३ जना उत्तीर्ण भएको जनाएको छ । उपमहानगरले गत साउन २६ गते लिएको परीक्षाको परीक्षाफल, शिक्षक बैंक परीक्षा व्यवस्थापन समितिको निर्णयानुसार प्रकाशन गरेको जनाएको छ ।

उपमहानगरले विद्यालयहरुमा लामो अवधिका लागि शिक्षक रिक्त हुने अवस्था भएमा करार नियुक्तिका लागि शिक्षक बैंक तथा विद्यालय कर्मचारी व्यवस्थापन कार्यविधी–२०८१ जारी गरेर परीक्षा सञ्चालन गरेको हो ।

# रोकेर राखेको ट्रकसँग ठोकिँदा मोटरसाइकल चालक कार्कीको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवनको भरतपुर महानगरपालिका–३ स्थित पुलचोकमा रोकेर राखिएको ट्रकसँग मोटरसाइकल ठोकिँदा चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा ना ५८ प ८५९४ नम्बरको मोटरसाइकल चालक चितवनको रत्ननगर नगरपालिका–६ का २८ वर्षीय सरोज कार्की रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

मंगलबार राति करिब १ बजेको समयमा धादिङबाट आएर पुलचोकस्थित महानगर पालिकाको ढाट अगाडि कवाडी कर काट्न रोकेर राखेको मधेश प्रदेश ०३००१ ख ९४७३ नम्बरको ट्रकसँग गैंडाकोटतर्फ जाँदै गरेको उक्त मोटरसाइकल ठोकिँदा चालक कार्की गम्भीर घाइते भएका थिए । गम्भीर घाइते भएका कार्कीलाई उपचारका लागि जिल्ला सरकारी अस्पताल पठाइएकोमा राति नै १ बजेर ३५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको हो । प्रहरीले ट्रक चालक धादिङको धुनिबेसी नगरपालिका–९ स्थित नौबिसेका ३१ वर्षीय सुदिप रानालाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरि रहेको जनाएको छ ।

यस्तै सोमबार सिन्धुलीको कमलामाई नगरपालिका–६ स्थित धुरा बजारमा एक वृद्ध मृत अवस्था फेला परेको छ । मृत फेला पर्नेमा सोही ठाउँस्थित एक घरमा भाडामा बस्ने ७० वर्षीय वृद्ध राम बहादुर मगर रहेको प्रहरीले जनाएको छ ।

मगर खुल्लामञ्चको खोला साइटस्थित ग्याबिन लगाएको ठाउँमा मृत अवस्थामा भेटिएको हो । स्थानीयले वृद्ध मृत अवस्थामा देखिएपछि प्रहरीलाई खबर गरेका थिए । दिउँसो २ बजे शव मुचुल्कापश्चात जिल्ला अस्पताल सिन्धुलीमा पोष्टमार्टमका लागि ल्याइए जनाएको छ ।

## जोन स्मृति फुटबल

# लालीगुराँस र नयाँबस्ती विजयी



समाज संवाददाता

हेटौंडाः सयपत्री युवा क्लबको आयोजनामा जारी प्रथम संस्करणको जोन राना मगर स्मृति फुटबल प्रतियोगितामा मंगलबार दुई खेल सम्पन्न भएको छ । मंगलबारको पहिलो खेलमा चितवन जिल्लाको भण्डारास्थित लालीगुराँस क्लब र दोस्रो खेलमा नयाँबस्ती क्लब विजयी भएका छन् ।

गाउँपालिका वडा नम्बर–६ स्थित जोगीताल मैदानमा भएको मंगलबारको पहिलो खेलमा मनहरी, पिप्लेको जयमनकामना क्लबलाई १–० गोलले हराउँदै लालीगुराँस विजयी भएको हो । लालीगुराँसको जीतमा अमित मगरले निर्णायक गोल गरेका हुन् ।

यस्तै, मंलबार भएको दोस्रो खेलमा नयाँबस्ती विजयी भएको छ । मिसन–८४ लाई २–० गोलले हराउँदै नयाँबस्ती विजयी भएको हो । नयाँबस्तीको जीतमा सन्देश श्रेष्ठले २ गोल गरेका हुन् ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै, विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल भदौ १७ गते हुनेछ । २१ टिमको सहभागिता रहेको प्रतियोगितामा १३ टिम बाहिरिइसकेको छ ।

# अवैध सामान प्रहरीको नियन्त्रणमा

समाज संवाददाता

हेटौंडाः बारा जिल्लाको प्रहरीले करिब २ लाख रुपैयाँ बराबरको अवैध सामान बरामद गरेको छ । सोमबार २ बजेर ३० मिनेटको समयमा प्रहरी टोलीले जीतपुर सिमरा उपमहानगरपालिकाबाट १ लाख ९१ हजार २ सय ५७ रुपैयाँ बराबरको अवैध सामान नियन्त्रणमा लिएको हो ।

जीतपुर सिमरा वडा नम्बर–१, पथलैया चोकमा विराटनगरबाट पोखरातर्फ जाँदै गरेको बा प्र ०३–००१ ख १३६२ नम्बरको यात्रुबाहक बसलाई रोकी चेकजाँच गर्दा उक्त बसबाट भन्सार छली ल्याएको सामान नियन्त्रणमा लिएर आवश्यक कारबाहरी अगाडि बढाएको प्रहरीले जनाएको छ ।





## सामाजिक संजालका रचनात्मक प्रयोग गरौं

- सामाजिक संजालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
- सामाजिक संजालमा आउने झुठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
- विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं
- सामाजिक संजालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
- सामाजिक संजाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
- सामाजिक संजालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

## कर्मचारी आवश्यकता

*(प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०५/१२)*

यस विद्यालयमा रिक्त निजीस्रोत कोटामा कार्यालय सहायक आवश्यकता परेको हुनाले विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०४/३२ गतेको निर्णयअनुसार विज्ञापन प्रकाशन गरिएको छ । तोकिएको मितिभित्र तपसिल बमोजिमको विवरणसहित नेपाली नागरिकहरूबाट दरखास्त आव्हान गरिन्छ ।

**तपसिल** :

**विज्ञापन नं. : ०१/२०८१/०८२**

आवश्यक संख्याः १ (एक)
पदः कार्यालय सहायक
न्यूनतम शैक्षिक योग्यता : व्यवस्थापन संङ्कायबाट कम्प्युटर विषय लिई कक्षा १२ उत्तीर्ण ।
तलब भत्ता : विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम ।
परीक्षाको किसिमः लिखित तथा मौखिक, प्रयोगात्मक (आवश्यक परेमा मात्र)
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति : २०८१/०५/२६, दिउँसो ४:०० बजेसम्म
सम्पर्क मिति : २०८१/०५/२७

**संलग्न गर्नुपर्ने प्रमाणित कागजातहरू** :

१) हस्तलिखित निवेदन १ प्रति
२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
३) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि १ प्रति
४) तालिम प्रमाणपत्रको प्रतिलिपि १ प्रति
५) हेटौंडाको राष्ट्रिय वाणिज्य बैंकमा रहेको यस विद्यालयको च.हि.नं.: १३००१००००२३८९००१ मा रु. १,०००/- जम्मा गरेको सक्कल भौचर १ प्रति ।

(**नोट**: अङ्ग्रेजी र नेपाली दुवै माध्यममा टाइप गर्न जान्ने, विद्यालय सफ्टवयर चलाउन जान्ने तथा माथिल्लो योग्यता भएकालाई विशेष प्राथमिकता दिइने छ ।)

सम्पर्क फोन नं.: ९८४५६२२०५६, ९८५५०७२००१, ९८४५८००९७७, ९८४५४५५६१८

प्रधानाध्यापक

**श्री चन्द्रोदय माध्यमिक विद्यालय**

**हेटौंडा-८, बहादुरगञ्ज**

## मकवानपुर बहुमुखी क्याम्पसको कोर्ष कन्ट्र्याक्टमा शिक्षक पदपूर्ति गर्ने सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मितिः २०८१।०५।१२)*

यस मकवानपुर बहुमुखी क्याम्पस हेटौंडाका लागि निम्न पदहरु कोर्ष कन्ट्र्याक्टमा पूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र वैयक्तिक विवरण, आवश्यक प्रमाणपत्रका प्रतिलिपि र एक प्रति फोटोसहित स्वहस्तलिखित दरखास्त आव्हान गरिएको छ ।

**विज्ञापन नं.: १/२०८१/०८२**

विषयः सूचना तथा प्रविधि (Information and Technology)
पदः कोर्ष कन्ट्र्याक्ट शिक्षक
संख्याः १ (एक)
न्यूनतम योग्यताः सूचना तथा प्रविधि विषय लिई स्नातकोत्तर तह (MICTE वा M.Sc. CSIT वा MCA वा MIT वा ME in Computer Engineering वा सो सरह) कम्तीमा द्बितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने छ ।

**विज्ञापन नं. : २/२०८१/०८२**

विषयः गणित (Mathematics)
पदः कोर्ष कन्ट्र्याक्ट शिक्षक
संख्याः १ (एक)
न्यूनतम योग्यताः गणित (Mathematics) विषय लिई स्नातकोत्तर तह कम्तीमा द्बितीय श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्ने छ ।

छनौट विधिः कक्षा अवलोकन तथा अन्तरवार्ता ।
पारिश्रमिकः क्याम्पसको नियमानुसार ।
दरखास्त दस्तुरः रु. ५००।- (पाँच सय) मात्र ।
सम्पर्क नं.: ०५७-५२०६२०
Email: mmc@ntc.net.np


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ